**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 28.02.2025**

***MOS Sikkim visit***

केन्द्रीय सहकारिता तथा नागरिक उड्डयन राज्य मन्त्री मुरलीधर मोहोल सिक्किमको दुई दिने भ्रमणमा आज आउँदैहुनुहुन्छ । बागडोगरा हवाईअड्डामा आज उहाँलाई गृह विभागका अधिकारीहरूले स्वागत गरे । सिक्किममा श्री मोहोलले सिक्किम राज्य सहकारी संघसित बैठक गर्नका साथै पाकिम जिल्लाको दौड़ाह गर्नुहुनेछ ।

***Losar***

---

तिब्बती भुटिया समुदायले आज लोसार पर्व पारम्परिक हर्षोल्लासका साथ मनाइरहेछ । यता राज्यमा पनि यो चाढ़ मनाइयो । लोसरले तिब्बती नयाँ सालको शुभारम्भ भएको संकेत गर्छ । यस अवसरमा विभिन्न गुम्पाहरूमा विशेष प्रार्थना आयोजित हुनका साथै मानिसहरूले आफुभन्दा ठूलाहरूबाट आशीर्वाद लिन्छन् । तिब्बतका पहिलो महाराजा ग्याल्पो नेठी चेन्पोको राज्यभिषेकको अवसरमा तिब्बती क्यालेण्डर शुरू भएको बताइन्छ । वित्न लागेको वर्षको अन्तिम महीनाको उन्तीस तारीकदेखि यो पर्वको तयारी शुरू हुन्छ । यसैबीच राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले राज्यवासीहरूलाई लोसारको शुभकामना दिनुभएको छ । लोसार पर्वले नववरषको स्वागत गर्ने पुरानो वर्षको बिदाईको विशेष महत्व राख्ने कुरो बताउँदै आफ्नो सन्देशमा राज्यपालले सबैजना मिलेर आफ्नो राज्यको विकास र प्रगतिका लागि अघि बढ़ने आहवान गर्नुभएको छ । मुख्यमन्त्रीले भन्नुभएको छ तिब्बती नयाँ वर्ष लोसारले प्रेमा भातृत्व सहिस्णुता र साम्प्रदायिक सदभावना को प्रतिनिधित्व गर्छ जो कैयौं वर्षअघिदेखि सिक्किमको धनी विरासतको अभिन्न अंग हो । उहाँले लोसारले सबैका लागि शान्ति समृध्दि, मुस्वास्थ्य र खुशी ल्याओस् भन्ने कामना गर्नुभएको छ ।

***Pre Womens Day***

नाम्ची जिल्ला प्रशासनिक केनद्रले आज सिक्किम Inspires सिक मिलेर आज नाम्चीमा जिल्ला स्तरीय पूर्व अन्तर्रास्ट्रिय महिला दिवस समारोह आयोजन गरियो । मुख्य अतिथिको रूपमा कार्यक्रमलाई सम्वोधन गर्दै राज्यविधानसभाकी उपाध्यक्ष राजकुमारी थापाले महिलाहरूमा समाजमा महत्वपूर्ण प्रभाव पार्न सक्ने शक्ति रहेको कुरो बताउनुभयो । उहाँले बालिका तथा महिलाहरूका कल्याणर्थ राज्य सरकारका विभिन्न योजनाहरूबारे पनि प्रकाश पार्नुभयो । यस अवसरमा समाजप्रति उल्लेखनीय योगदानका निम्ति जिल्लाका सातवटा समस्टिवाट महत्वपूर्ण उपलब्धि हासिल गर्ने महिलाहरूलाई सम्मानित गरियो । सृजनात्मक लेखन र कला तथा शिल्प सम्वन्धी प्रतियोगिता समारोहका अन्य आकर्शण थिए ।

***Governor***

राज्यपाल श्री ओमप्रकाश माथुरले गेजिङ जिल्लाको दुइ दिने लामो भ्रमणको अन्तिम दिन आज पेमायाङची गुम्पा र साङ्गछोलिङ स्थित चेरेंजी गुम्पामा गएर विशेष प्रार्थना गर्नुभयो । गुम्पाका लामाहरू र स्थानीय मानिसहरूसित भेटघाट गर्नका साथै पेमायाङची गुम्पाको इतिहास र परम्पराबारे जानकारी लिनुभयो । यात्रा अवधिमा श्री माथुर सश्स्त्र सीमा बलका SSB का छत्तीसौं र बाहत्तरौं वाहिनीका शिविरमा जानुभयो। जिल्का विभिन्न ठाउँहरूको भ्रमण गर्दै राज्यपालले गेजिङमा पर्यटन क्षेत्रमा अपार सम्भावना रहेको उल्लेख गर्नुभयो । उहाँले सम्वन्धित अधिकारीहरूलाई पर्यटन स्थलहरूमा थप सुविधा उपलब्ध गराउने निर्देश दिनुभएको छ र भन्नुभएको छ यसो गर्नाले धैरै संख्यामा पर्यटकहरू आउनेछन् र स्थानीय मानिसहरूका आयको श्रोत बढ़नेछ ।

***National Science Day***

आज रास्ट्रिय विज्ञान दिवस मनाइयो । प्रति वर्ष अठाइस फरवरीलाई महान भौतिक विज्ञानी सर सी बी रमनद्वारा रमन प्रभावको खोजीको उपलक्ष्यको यो दिवस मनाइन्छ । प्रधानमन्त्री नरेन्द्र मोदीले रास्ट्रिय विज्ञान दिवसको अवसरमा मानिसहरूलाई दिवसको अवसरमा मानिसहरूलाई शुभकामना दिनुभएको छ । सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ जिज्ञासा विज्ञानको जननी हो प्रधानमन्त्रीले भन्नुभयो विज्ञान र ज्ञान मिलेर समस्याको समाधानको ढोका खोल्छन् ।

***EPFO***

कर्मचारी भविस्य निधि संगठन ईपीएफओका केन्द्रीय नय्सी बोर्डले 2024-2025 का लागि कर्मचारी भविस्य निधि जम्मामा आठ दशमलउ दुई पाँच  प्रतिशतको ब्याच दरलाई अपरिवर्तित राखेको छ र यसै दरमा ब्याच दिने सिफारिश गरेको छ। सात करोड़भन्दा अधिक ग्राहकहरूका ईपीएफ खाताहरूको प्रवन्धन गर्ने ईपीएफओले 2022-2023 सालमा ईपीएफ ब्याच दरलाई आठ दशमलउ एक पाँच प्रतिशतदेखि बढ़ाएर द2023-2024 मा आठ दशमलउ दुई पाँच प्रतिशत गरेको थियो। ईपीएफओ को सिफारिशलाई मञ्जूरीका लागि केन्द्रीय वित्त मनत्रालयलाई पठाइनेछ। सरकारको स्वीकृतिपछिनै ब्याच राशि कर्मचारीहरूको भविस्य निधि खातामा जम्मा गरिनेछ।

***Earthquake***

नेपालमा आज बिहान दुइ बजेर छत्तीस मिनटमा भूकम्पको झटका अनुभल गरियो। रेक्टर स्केलमा यसको तीब्रता छ दशमलउ एक थियो। रास्ट्रिय भूकम्प विज्ञान केन्द्र अनुसार भूकम्पको केन्द्र काठमाण्डूदेखि लगभग पैंसठी किलोमिटर पूर्वमा सिंधुपाल्चोक जिल्लाको भैरवकण्डमा थियो। बिहार, पश्चिम बंगाल र सिक्किम राज्यमा पनि भूँइचालोको झटका अनुभव गरियो।

***Weather***

यसैवीच राज्यमा आज दिन धुम्मिनका साथै पानी परेकाले जाड़ोको प्रकोप बढ़ेको छ। बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान एघार दशमलउ दुई डिग्री सेल्सियस र न्यूनतम तापमान आठ दशमलउ आठ डिग्री सेल्सियस रेकार्ड गरियो। स्थानीय मौसम विज्ञान विभागले भोलि न्यूनतम तापमान आठ डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ। भोलि पनि आकाशमा बादन छाउने र हलुका वर्षा हुने सम्भावना रहेको बताइएको छ।